आज मिति २०७६ साल मंसीर १४ गते शनिवारको दिन दिउँसो २:०० बजे नलगाड नगरपालिकाका नगर प्रमुख श्री टेक बहादुर रावलको अध्यक्षता र जिल्ला समन्वय समिति जाजरकोटका प्रमुख श्री मन बहादुर रावलको समुपस्थितिमा नगर कार्यपालिकाको वैठक बसी निम्न बमोजिमको निर्णयहरु गरियो ।

उपस्थिति

| क्र.स. | नाम | पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १. | श्री टेक बहादुर रावल | नगर प्रमुख | | |
| २. | श्री मन बहादुर रावल | जि.स.स. प्रमुख | | प्रमुख अथिति |
| ३. | श्री बाल कुमारी बस्नेत | नगर उप प्रमुख | | |
| ४. | श्री हिरालाल पुन | वडा नं. १ अध्यक्ष | | |
| ५. | श्री राम कुमार जैसी | वडा नं. २ अध्यक्ष | | |
| ६. | श्री प्रचण्ड वली | वडा नं. ३ अध्यक्ष | | |
| ७. | श्री लक्ष्मी बहादुर रावल | वडा नं. ४ अध्यक्ष | | |
| ८. | श्री केशव प्रसाद शर्मा | वडा नं. ५ अध्यक्ष | | |
| ९. | श्री पूर्ण बहादुर खड्का | वडा नं. ६ अध्यक्ष | | |
| १०. | श्री अर्जुन बहादुर सिंह | वडा नं. ७ अध्यक्ष | | |
| ११. | श्री गोविन्द शाही | वडा नं. ८ अध्यक्ष | | |
| १२. | श्री विष्णु वि.क. | वडा नं. ९ अध्यक्ष | | |
| १३. | श्री भद्र बहादुर ध्यार | वडा नं. १० अध्यक्ष | | |
| १४. | श्री जित बहादुर मल्ल | वडा नं. ११ अध्यक्ष | | |
| १५. | श्री लाल बहादुर खत्री | वडा नं. १२ अध्यक्ष | | |
| १६. | श्री तेज बहादुर शाही | का.वा. १३ अध्यक्ष | | |
| १७. | श्री राममाया हमाल | नगर का.पा. सदस्य | | |
| १८. | श्री अस्मिता वि.क. | नगर का.पा. सदस्य | | |
| १९. | श्री तारादेवि पुन | नगर का.पा. सदस्य | | |
| २०. | श्री गोपी वि.क. | नगर का.पा. सदस्य | | |
| २१. | श्री रुपा कुमारी ध्यार | नगर का.पा. सदस्य | | |
| २२. | श्री काशिराम घर्ति | नगर का.पा. सदस्य | | |
| २३. | श्री तिले वादी | नगर का.पा. सदस्य | | |
| २४. | श्री नर बहादुर नेपाली | नगर का.पा. सदस्य | | |
| २५. | श्री सुरेन्द्र सिंह | नि.प्र.प्र.अधिकृत | | |
| २६. | श्री टेक बहादुर वली | रोजगार संयोजक | | |

मिति : २०७६।०८।१४ गतेको वैठकका निर्णय

## प्रस्तावहरु

१. प्रधानमंत्री रोजगार कार्यक्रमको योजना छनौट सम्वन्धमा ।

२. पकेट क्षेत्र घोषणा गर्ने सम्वन्धमा ।

३. कार्यविधि निर्माण गर्ने सम्वन्धमा ।

४.नलगाड नगरपालिका सार्वजनिक खरिद नियमावली सम्वन्धमा ।

५. आर्थिक सहायता सम्वन्धमा ।

६. रकमान्तर सम्वन्धमा ।

७. अनुरोध गर्ने सम्वन्धमा ।

८. समिति गठन सम्वन्धमा ।

९. विशेष अनुदान वापत रकम माग गर्ने सम्वन्धमा ।

१०. एम्वुलेन्सको लागि अनुरोध सम्वन्धमा ।

## नगर कार्यपालिकाको निर्णयहरु

निर्णय नं. १ : नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय (प्रधानमन्त्री रोजगार कार्यक्रम) को च.नं. ६४ मिति २०७६।०७।२६ गतेको प्राप्त पत्र र नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. १८० मिति २०७६।०८।१२ को पत्रमा प्रधानमंत्री रोजगार कार्यक्रमको लागि प्रस्ताव माग भएकोमा यस नगरपालिकाबाट तपशिल बमोजिमको आयोजनाहरु छनौट गरि सम्वन्धित निकायमा बजेट विनियोजनको लागि अनुरोध सहित पठाउने सर्वसम्मत निर्णय गरीयो ।

तपशिल

| क्र.स. | योजनाको नाम | स्थान | अनुमानित रु. | लाभग्राही | कैफियत |
|---|---|---|---|---|---|
| १ | पाली कल्पत घोरेटो बाटो निर्माण योजना | वडा नं. १ | १००००००० | २००० | |
| २ | भुने, कैनपानी मुहान भई तल्लो गाउँ खा.पा. निर्माण | वडा नं. २ | ११००००० | ८०० | |
| ३ | नैरनीखोला मुहान भई आग्राचौर खा.पा.निर्माण | वडा नं. ३ | १५००००० | ६०० | |
| ४ | ज्ञानोदय प्रा.वि. बाउसेखोला भवन निर्माण | वडा नं. ४ | २०००००० | ३५० | |
| ५ | कर्षधारा मुहान भई पुरानागाउँ खा.पा. निर्माण | वडा नं. ५ | २५००००० | ८०० | |
| ६ | विरा, तिनखोली, नौटिलेक, पोर्सल्ली, गर्छिना, कैयाल पदमार्ग निर्माण | वडा नं. ६ | १७००००० | १२०० | |

| | | | | | |
|---|---|---|---|---|---|
| ७. | सालधारा बफेलगाउँ कृषि सडक निर्माण योजना | वडा नं. ७ | २५००००० | ५०० | |
| ८. | जिकुवा देखि हल्चौर कृषि सडक निर्माण | वडा नं. ८ | २०००००० | २५०० | |
| ९. | तात्रदेखि बटान हुदै घुटुपानी तिर्थ पदमार्ग निर्माण | वडा नं. ९ | २५००००० | १६०० | |
| १०. | घोराबाँध देखि धिजातरा काठेसल्ला हुदै होर्क पदमार्ग निर्माण | वडा नं. १० | १२००००० | ३१६ | |
| ११. | भेरीखर्क मुहान भई बानियाँगाउँ खा.पा.निर्माण | वडा नं. ११ | २०००००० | ५०० | |
| १२. | विरेन्द्र हिमालय मा.वि.घेरावार निर्माण योजना | वडा नं. १२ | २५००००० | ३००० | |
| १३. | भगवती आधारभुत विद्यालय घेरावार निर्माण | वडा नं. १३ | १०००००० | ४०० | |
| १४. | साई कुमारी तीर्थस्थल मन्दिर निर्माण | वडा नं. १३ | ५००००० | ३०० | |
| १५. | कायाखेत तटवन्ध निर्माण | वडा नं. ८ | १०००००० | ४०० | |
| | जम्मा आयोजना | | २५०००००० | १५२६६ | |

**निर्णय नं. २** : नलगाड नगरपालिकाको कृषि तथा पशुपंक्षी विकास सम्वन्धि रणनीति २०७६, नलगाड नगरपालिकाको आवधिक योजना २०७६ र कृषि तथा पशुपंक्षी विकास शाखाको सम्भाव्यता अध्ययन र कृषि विकास समितिको मिति २०७६।०८।१३ गते सिफारिसको आधारमा तपशिलको क्षेत्रहरुमा तपशिलको पकेट क्षेत्र घोषणा गर्ने सर्वसम्मत निर्णय गरियो ।

तपशिल

| क्र.स. | विवरण | क्षेत्र/स्थान | कैफियत |
|---|---|---|---|
| १ | मौरी पालन पकेट क्षेत्र | वडा नं. १, २ र ४ | |
| २. | सुन्तला पकेट क्षेत्र | वडा नं. ३ | |
| ३. | अलैची पकेट क्षेत्र | वडा नं. ३ | |
| ४. | लसुन पकेट क्षेत्र | वडा नं. ९, १० र ११ | |
| ५. | बाखापालन पकेट क्षेत्र | वडा नं. ९, १०, ११, १२, १३ | |
| ६. | धान पकेट क्षेत्र | वडा नं. ७ र ८ | |
| ७. | मकै पकेट क्षेत्र | वडा नं. ५ | |
| ८. | आलु पकेट क्षेत्र | वडा नं. ३ र ६ | |
| ९. | कागती पकेट क्षेत्र | वडा नं. ५ | |
| १०. | फलफूल पकेट क्षेत्र | वडा नं. १३ | |

| | | | |
|---|---|---|---|
| ११. | दुध पकेट क्षेत्र | वडा नं. २ र ४ | |
| १२. | तरकारी पकेट क्षेत्र | वडा नं. २, ४, ५, ७, ८ | |

**निर्णय नं. ३ :** नलगाड नगरपालिकाको दीर्घकालिन सोच, रणनीति तथा योजनालाई कार्यान्वयन गर्न कृषि तथा पशुपंक्षी विकास सम्वन्धी कार्यक्रमलाई व्यवस्थित, प्रभावकारी सहज, तथा सरल बनाउन नलगाड नगर कार्यपालिकाको कार्यालय र कृषि क्षेत्र विकास कार्यक्रमको सहकार्यमा तपशिल बमोजिमको कार्यविधि निर्माणको लागि स्वीकृति दिने सर्वसम्मत निर्णय गरियो ।

तपशिल

(क) नलगाड नगरपालिका कृषि सिकाई केन्द्र सञ्चालन कार्यविधि, २०७६

(ख) नलगाड कृषि स्रोत व्यक्तिको विकास तथा परिचालन कार्यविधि, २०७६

(ग) नलगाड कृषि तथा पशुपंक्षी विकास पकेट क्षेत्र संचालन सम्वन्धी कार्यविधि, २०७६

(घ) नलगाड एकिकृत कृषि सेवा केन्द्र सञ्चालन सम्वन्धी कार्यविधि, २०७६

**निर्णय नं. ४ :** नलगाड नगरपालिकाको सार्वजनिक खरिद, विकास निर्माण सम्वन्धी कार्यलाई व्यवस्थित तथा प्रभावकारी बनाउन स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७४ उपदफा (२) बमोजिम नलगाड नगरपालिका सार्वजनिक खरिद नियमावली, २०७६ निर्माणको लागि स्वीकृति प्रदान गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. ५ :** नलगाड नगरपालिकाको आकष्मिक कोषबाट तपशिल बमोजिमका व्यक्तिहरुलाई आर्थिक सहायता वापत रकम उपलव्ध गराउने निर्णय गरियो ।

तपशिल

| क्र.स. | व्यक्तिहरुको नामथर | ठेगाना | रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १. | लक्ष्मी वि.क. | नलगाड न.पा. १० जाजरकोट | ५०,००० | |
| २. | धन बहादुर नेपाली | नलगाड न.पा. ५ जाजरकोट | ५,००० | |
| ३. | नर बहादुर सिंह | नलगाड न.पा. ९ जाजरकोट | १०,००० | |
| ४. | मान बहादुर चन्द | नलगाड न.पा. ७ जाजरकोट | १०,००० | |
| ५. | नन्दु सिंह | नलगाड न.पा. ९ जाजरकोट | ३०,००० | |
| जम्मा रु. | | | १०५,००० | |

**निर्णय नं. ६ :** नलगाड नगरपालिकाको विनियोजन ऐन २०७६ को दफा ३ को उपदफा (२) बमोजिम तपशिल बमोजिमको आयोजनाबाट निम्न बमोजिमको रकम रकमान्तर गर्ने सर्वसम्मत निर्णय गरियो ।

तपशिल

| क.स. | आयोजनाको नाम | रकमान्तर | रकमान्तर हुने आयोजना | कैफियत |
|---|---|---|---|---|
| १. | वडा नं. ५ को वडा कार्यालय भवन निर्माण | २२५००० | नमुना विद्यालय शैक्षिक सामग्री खरिद तथा व्यवस्थापन वडा नं. ५ | |
| | **जम्मा रु.** | **२२५०००** | | |

**निर्णय नं. ७ :** नलगाड नगरपालिका वडा नं. १ को मौरी पकेट क्षेत्रसंग जोड्ने वैरीताल अनापानी कल्पत हुदै वडालेख सडक निर्माणको लागि नेपाल सरकार कृषि पशुपंक्षी विकास मन्त्रालय अर्न्तगत कृषि क्षेत्र विकास कार्यक्रमसंग अनुरोध गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. ८:** नेपाल सरकारका उर्जा मन्त्री माननीय श्री वर्षमान पुन, नेपाल सरकारका वन तथा वातावरण मन्त्री माननीय श्री शक्ति बहादुर बस्नेत, कर्णाली प्रदेशका मूख्यमन्त्री माननीय श्री महेन्द्र बहादुर शाही लगायत अन्य विशिष्ट व्यक्तिहरुको मिति २०७६।०८।१७ गतेका दिन नलगाड हाईड्रोपावर अवलोकन निरिक्षण तथा भ्रमण कार्यक्रमको सहजीकरण तथा प्रतिवेदनको लागि तपशिल बमोजिमको समिति गठन गर्ने सर्वसम्मत निर्णय गरियो ।

तपशिल

**(क) प्रतिवेदन तयारी समिति**

१. श्री केशव प्रसाद शर्मा - संयोजक
२. श्री अर्जुन बहादुर सिंह - सदस्य
३. श्री राम कुमार जैसी - सदस्य
४. श्री गोविन्द शाही - सदस्य
५. श्री सुरेन्द्र सिंह - सदस्य
६. श्री किरण थापा - सदस्य
७. श्री भिम बहादुर वली - सदस्य

नलगाड नगरपालिका नगरकार्यपालिकाको कार्यालय दल्ली, जाजरकोट, कर्णाली प्रदेश, नेपाल २०७४

**(ख) मन्च व्यवस्थापन समिति**

निर्णय नं. ९

यस नलगाड नगरपालिका अर्न्तगत तपशिल बमोजिमका योजनाहरु निर्माणको लागि कर्णाली प्रदेश सरकार आर्थिक मामिला तथा योजना मन्त्रालयसंग कर्णाली प्रदेश विशेष अनुदान सम्वन्धी कार्यविधि, २०७५ (संसोधन सहित) बमोजिम विशेष अनुदान वापत आवश्यक रकम विनियोजनको लागि अनुरोध गर्ने सर्वसम्मत निर्णय गरियो ।

| क्र.स. | आयोजनाको नाम | स्थान | लाभग्राही | कैफियत |
|---|---|---|---|---|
| १. | नगर कार्यपालिकाको भवन निर्माण | वडा नं. ७, दल्ली | २५००० | निर्माणाधिन बजेटको अभाव |
| २. | त्रिभुवन मा.वि. भवन निर्माण | वडा नं. ९ तात्र | १५०० | |
| ३. | छिर्नेति वगर सिचाई योजना | वडा नं. ९ | ३०० | |

**निर्णय नं. १०:** यस नगरपालिकामा बस्ने स्थानीय बासिन्दाहरुको स्वास्थ्य सेवामा सहज पहुँच बनाई स्वास्थ्य सेवालाई जनमुखि बनाउन यस नगरपालिका अर्न्तगत रहेको प्राथमिक स्वास्थ्य केन्द्र दल्लीमा एम्वुलेन्स सेवा सञ्चालनको लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र स्वास्थ्य सेवा विभागसँग एम्वुलेन्स थान एक मागको लागि अनुरोध गर्ने सर्वसम्मत निर्णय गरियो ।

नि.प्रमुख प्रशासकीय अधिकृत